## बजार

सुन तोला - ३०२,८००
चाँदी तोला - ४८६०

| विदेशी मुद्रा | खरिद | बिक्री |
|---|---|---|
| $ अमेरिकी डलर - | १४४.७५ | १४५.३५ |
| € युरो - | १७१.७४ | १७२.४५ |
| £ पाउन्ड स्टर्लिङ - | १९७.५५ | १९८.३७ |

# मालपोत कार्यालयहरूले माघमा उठाए पाँच अर्ब राजस्व

**नागरिक संवाददाता**
*काठमाडौं, फागुन ४*

देशभरि एक सय ३५ स्थानमा रहेका मालपोत कार्यालयहरूले जग्गा कारोबार गरेबापत माघ महिनामा पाँच अर्ब नौ लाख २४ हजार राजस्व संकलन गरेका छन् ।

भूमि व्यवस्थापन विभागका अनुसार यो रकम पुसको तुलनामा केही कम हो । पुसमा पाँच अर्ब १७ करोड ३२ लाख राजस्व उठेको थियो । विभागका अनुसार माघमा देशभरि ५० हजार आठ सय ३७ घरजग्गा कारोबारका लागि लिखत पारित भएका थियो ।

विभागका अनुसार यो संख्या पोहर सालको तुलनामा केही बढी हो तर यसअघिका महिनाको तुलनामा भने स्थिर हो । यस तथ्यांकलाई आधार मान्दा माघमा घर जग्गा कारोबार बढ्न नसकेको देखिन्छ । विभागले हरेक महिना घर जग्गा करोबारको विवरण वेबसाइटमा राख्दै आएको छ ।

विभागका अनुसार मंसिरको तुलनामा पुसमा ६.७ प्रतिशतले घर जग्गा कारोरबारबाट राजस्व संकलनमा वृद्धि भएको थियो । जेन-जी आन्दोलनपछि सुस्ताउँदै गएको घरजग्गाको कारोबार मंसिर लागेपछि भने ह्वात्तै बढेको थियो । विभागका अनुसार गत कात्तिकको तुलनामा मंसिर महिनामा घरजग्गा कारोबार ३०१ प्रतिशतले वृद्धि भएको थियो ।

त्यतिबेला घर जग्गा कारोबारसँग सम्बन्धित व्यवसायी पनि उत्साहित भएका थिए । सरकारको राजस्व पनि बढेको थियो तर माघमा कारोबारमा केही कमी आएको देखियो ।

तथ्यांकअनुसार आर्थिक वर्ष २०८०/८१ को अन्तिमसम्म जग्गा कारोबारमा जोडिएका महिलाको संख्या चार लाख दुई सय ४१ र पुरुषको संख्या चार लाख तीन हजार चार सय ५१ पुगेको थियो ।

देशभरि तीन करोड २८ लाख ४७ हजार ६३२ कित्ता जग्गा छन् । जसमध्ये पुरुषका नाममा दुई करोड २० लाख २४ हजार एक सय ७० र महिलाका नाममा ९७ लाख ६१ हजार सात सय ९५ कित्ता छन् ।

# नेप्सेमा परिसूचकमा आठ अंकको गिरावट




काठमाडौं, फागुन ४ (नागरिक)- सोमबारका दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य गिरावट आएको छ । नेप्से परिसूचक ८.१६ अंकले घटेर २,६६२.९१ को स्तरमा पुगेको छ, जसले लगानीकर्तामा केही चासो र आशंका उत्पन्न गरेको छ । यस गिरावटका बावजुद, बजारको कुल कारोबार भने उत्साहजनक छ ।

सोमबार ३३५ वटा कम्पनीका एक करोड ९६ लाख १६ हजार ३९५ कित्ता सेयर ८० हजार पाँच सय ५९ पटक खरिदबिक्री गरिएको जानकारी नेप्सेले दिएको छ । कुल कारोबार रकम सात अर्ब ९४ करोड २७ लाख ६० हजार दुई सय २० रुपैयाँ पुगेको छ, जसले बजारको तरलता र व्यापारमा सक्रियता देखाउँछ।यसरकममाविभिन्नसेयरहरूको लेनदेन र कारोबार गतिविधि सक्रिय देखिएको छ ।

विभिन्न क्षेत्रीय समूहहरूको प्रदर्शनमा मिश्रित परिणाम देखिएका छन्ः

वित्त समूहः ०.५६ प्रतिशतले वृद्धि भएको छ, जुन वित्तीय क्षेत्रमा केही सकारात्मक संकेतको रूपमा हेरिएको छ ।

होटल तथा पर्यटन समूहः यस समूहमा ०.४३ प्रतिशतले वृद्धि भएको छ । यसले देशका पर्यटन र होटेल क्षेत्रको उत्साहजनक स्थितिलाई दर्शाउँछ ।

उत्पादन तथा प्रशोधन समूहः यो समूह ०.४९ प्रतिशतले वृद्धि भएको छ । यसले उत्पादन क्षेत्रको सुधारतर्फ संकेत गर्दछ तर अन्य सबै प्रमुख समूहहरूको उपसूचकमा भने गिरावट आएको छ ।

बैंक समूहः यो समूहमा ०.०५ प्रतिशतले कमी आएको छ । यसले बैंकिङ क्षेत्रमा केही नकारात्मक संकेत दिइरहेको छ ।

विकास बैंक समूहः ०.४६ प्रतिशतले घटेको यो समूहले विकास बैंकहरूको कारोबारमा अलिकति नकारात्मक प्रभाव परेको देखाएको छ ।

जलविद्युत् समूहः यस समूहमा १.०२ प्रतिशतको गिरावट आएको छ। यसले जलविद्युत् क्षेत्रको प्रदर्शनमा केही चुनौतीहरूलाई देखाउँछ ।

लगानी समूहः ०.६० प्रतिशतको कमी आएको यस समूहले लगानी क्षेत्रमा कमजोरीका संकेतहरू दिएको छ । जीवन बिमा समूहः ०.४५ प्रतिशत सम्मको गिरावट आएको छ, जसले बिमा कम्पनीहरूको बजार स्थितिमा मन्दी आउने संकेत गरेको मान्न सकिन्छ ।

लघुवित्त समूहः यो समूहमा ०.२३ प्रतिशतको गिरावट आएको छ। यसले लघुवित्त क्षेत्रको अस्थिरता प्रकट गरेको छ ।

म्युचुअल फन्ड समूहः ०.२३ प्रतिशतले घटेको यो समूहमा म्युचुअल फन्डहरूको प्रदर्शनमा केही नकारात्मक असर परेको देखाउँछ। निर्जीवन बिमा समूहः यस समूहमा ०.४६ प्रतिशतले गिरावट आएको छ ।

व्यापार समूहः ०.६८ प्रतिशतले गिरावट भएको यो समूहले व्यापार क्षेत्रको चुनौतीलाई संकेत गर्दछ। अन्य समूहः ०.०७ प्रतिशतले घटेको छ ।

**सकारात्मक सर्किट र ठूलो गिरावट**

सोमबारको कारोबारमा केही कम्पनीहरूले आफ्नो सेयर मूल्यमा सकारात्मक सर्किट लगाएका छन्, जसको अर्थ ती कम्पनीहरूको सेयर मूल्य एकै दिनको कारोबारमा अधिकतम सीमासम्म वृद्धि भएको हो । यी कम्पनीहरूमा बुद्धभूमि नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड, रिलायन्स स्पिनिङ मिल्स लिमिटेड, सलपा विकास बैंक लिमिटेड पर्दछन् । यसैगरी सबैभन्दा ठूलो गिरावट खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडको सेयर मूल्यमा देखिएको छ । यसको सेयर मूल्य ९.३८ प्रतिशतले घटेको छ । यसले उसका लगानीकर्ताहरूमा चासो र चिन्ता उत्पन्न गरेको छ ।

कारोबार रकम र कारोबार भएका सेयरहरूको आधारमा रिडी पावर कम्पनी लिमिटेड सबैभन्दा अगाडि रहेको छ । यस कम्पनीको कुल कारोबार रकम ६५ करोड तीन लाख २२ हजार एक सय ६३ रुपैयाँ छ र २० लाख १४ हजार एक सय २६ कित्ता सेयर किनबेच गरिएको छ। यस कम्पनीको प्रदर्शनले बजारमा धेरैको ध्यान आकर्षित गरेको छ । यसले सेयर मूल्यको स्थिरता र कारोबारलाई देखाउँछ ।

आजको नेप्से परिसूचकमा सामान्य गिरावट भए पनि बजारको कुल कारोबार सक्रिय रहेको छ । विभिन्न समूहहरूको प्रदर्शनमा मिश्रित परिणाम आएपछि लगानीकर्ताहरूले सतर्कता अपनाउनु पर्ने देखिन्छ । वित्तीय र पर्यटन क्षेत्रका समूहहरूले सकारात्मक वृद्धि देखाए पनि अन्य समूहहरूको घट्ने क्रमले केही चुनौतीहरूको संकेत गर्दछ । त्यसैले आजको बजार परिणामले लगानीकर्ताहरूलाई बजारको उतारचढावसँग सर्तक रहन सुझाएको छ ।

यसरी नेपाल स्टक एक्सचेञ्जको आजको समग्र स्थिति केही सकारात्मक र नकारात्मक संकेतहरूको मिश्रणले भरिएको छ यसले आगामी दिनहरूमा बजारको व्यवहार र लगानी अवसरहरूको पक्षमा लगानीकर्तालाई सावधानी अपनाउन प्रेरित गरेको छ ।


## कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/११/०५ गतेको नागरिक राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय बालाजु, काठमाण्डौंबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र.सं | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : छाँया नन्दन ट्रेडिङ्ग प्रा.लि.**<br>नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय<br>दर्ता नं. २३६२०२/०७६/०७७, दर्ता मितिः २०७६/११/२८, पान नं. ६०९७३९५३६, दर्ता मिति : २०७७/०४/१६<br>ठेगाना : काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ८, **संचालक/संस्थापक : राजेश तिमिल्सीना** | |
| | **व्यक्तिगत जमानतकर्ताहरूको विवरण** | |
| | **१. नाम : राजेश तिमिल्सीना**<br>ना.प्र.नं. ७९८०, जि.प्र.का. काठमाडौं<br>जारी मिति : २०५४/१०/१२<br>बाबुको नाम : रामेश्वर तिमिल्सीना<br>बाजेको नाम : भवनाथ तिमिल्सीना<br>ठेगाना : काठमाडौं जिल्ला, धर्मस्थली गा.वि.स. वडा नं. ७<br>हाल : काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ६ | **२. नाम : मिना बस्नेत**<br>ना.प्र.नं. २७९, जि.प्र.का. काठमाडौं<br>जारी मिति : २०५४/०४/०६<br>पतिको नाम : राजेश तिमिल्सीना<br>ससुराको नाम : रामेश्वर तिमिल्सीना<br>ठेगाना : काठमाडौं जिल्ला, नयाँ नैकाप गा.वि.स. वडा नं. ९<br>हाल : काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ६ |
| | **धितोको विवरण** | |
| | १. राजेश तिमिल्सीनाको नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, धर्मस्थली वडा नं. ७, नक्सा सिट नं. ७ क स्थित कित्ता नं. ४८८, १३३ र २३३ को क्षेत्रफल क्रमशः ०-७-०-०, ३-५-२-० र १-६-०-० रोपनी भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. मिना बस्नेतको नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, धर्मस्थली वडा नं. ७, नक्सा सिट नं. ७ क स्थित कित्ता नं. १३५ र ४८९ को क्षेत्रफल क्रमशः १-९-०-० र १-२-०-० रोपनी भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९६०३६-१२
शाखा कार्यालयः बालाजु, काठमाण्डौं फोन नं. ०१-४९८८८५६
website: www.jbbl.com.np, Email:info@jbbl.com.np



## आईएनजी कलेज अफ इनोभेशन एण्ड लिडरसिप प्रा.लि. काठमाण्डौको संचालन स्थान परिवर्तन गर्ने सम्वन्धी सुचना

यस संस्थाले सम्वन्धित निकायको अनुमति स्वीकृति प्राप्त गरी विदेशी विश्वविद्यालयको सम्वन्धनमा उच्च शिक्षाका शैक्षिक कार्यक्रम कामनपा वडा नं ३१ मा संचालन गरिरहेकोमा अब उपरान्त यस संस्थाले कामनापा वडा नं. १० नया बानेश्वरमा लिजमा लिएको भवनमा शैक्षिक कार्यक्रम संचालन गर्ने भएकोले विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा संचालन गर्ने सम्वन्धी निर्देशिकाको दफा ९क को खण्ड (ग) वमोजिम शैक्षिक संस्थाको संचालन स्थान परिवर्तन स्वीकृतिका लागि उक्त निर्देशिकाको ऐ दफाको खण्ड (च) को प्रयोजनका लागि यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ । यसै सम्बन्धमा कसैको गुनासो, दाबी वा चित्त नबुझेमा यो सुचना प्रकाशित भएको ३५ दिन भित्र श्री शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालयको उच्च शिक्षा शाखामा वा यस कलेजमा प्रमाण सहित लिखित निबेदन दिनहुन यसै सुचनाद्वारा सुचित गरिन्छ ।



## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, कलंकी शाखाको ७ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/११/०५ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल माघ महिना ३० गतेको 'मध्यान्ह' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्ने बारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८२ साल भदौ महिना ०२ गतेको 'मध्यान्ह' राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** तथा **मिति २०८२ साल पौष महिना ०२ गतेको 'मध्यान्ह' राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **१५ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखित सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

| क्र.सं. | ऋणीको नाम र ठेगाना : |
|---|---|
| १. | नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि. नं. ४११६५/०६३/०६४ कायम भई मिति २०६३/०५/०५ मा दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २४ स्थित **श्रेष्ठ ट्रेडर्स एण्ड इम्पेक्स प्रा.लि.** । |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १. | सिंह बहादुर श्रेष्ठको नाति, गुरू श्रेष्ठको छोरा, काठमाण्डौ जिल्ला, महादेवस्थान गा.वि.स. वडा नं. ५ बस्ने **अमन श्रेष्ठ** । |
| २. | वुध्दिनारायण महर्जनको छोरी, अमन श्रेष्ठको श्रीमती, काठमाण्डौ जिल्ला, महादेवस्थान गा.वि.स. वडा नं. ५ बस्ने **मुना श्रेष्ठ** । |
| ३. | सिहं बहादुर श्रेष्ठको नाति, गुरू श्रेष्ठको छोरा, काठमाण्डौ जिल्ला, महादेवस्थान गा.वि.स. वडा नं. ५ बस्ने **राम श्रेष्ठ** । |
| **धितो सुरक्षणको विवरण :** | |
| १. | **श्रेष्ठ ट्रेडर्स एण्ड इम्पेक्स प्रा.लि.**को नाममा मालपोत कार्यालय धादिङमा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला, नौबिसे गा.वि.स./न.पा. वडा नं. ५ स्थित नक्सा सिट नं. ५क को कित्ता नं. ८९१, ८९३, ९१५ र ९१६ को क्रमशः १-५-३-१, १-१०-२-१, ०-७-१-० र ०-८-०-० (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा कुनै पनि शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लेखित चल तथा अचल सम्पत्ती मध्ये आफ्नो इच्छा अनुसार कुनै एक, वा केही वा सबै सम्पत्तीको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको २:०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय कलंकीमा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८२ साल फाल्गुन महिना ११ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८२ साल फाल्गुन महिना १३ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको २:०० बजे ।**

सानिमा बैंक
www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



## हरियाली बचत तथा ऋण सहकारी सस्थां लि.

ललितपुर महानगरपालिका -२५, खोकनादोबाटो
फोन नं. ०१५५९१११९/०१५५९१५००
Email: hariyali.sacos@gmail.com

### कर्जा चुक्ता गर्न आउने ३५ दिने सूचना !

**प्रथम पटक प्रकाशित मितिः २०८२/११/०५**

यस हरियाली बचत तथा ऋण सहकारी सस्थां लि. ललितपुर महानगरपालिका -२५, खोकनादोबाटो **केन्द्रिय कार्यालय**बाट तपशिलमा उल्लेखित ऋणीले उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम समेत तिर्न बुझाउनु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन आउनु भनि पटक-पटक तर ताकेता गर्दा समेत कर्जाको सावाँ, व्याज तथा अन्य दै-दस्तुरको रकम समेत चुत्ता भुक्तानी नगरी आलटाल गरी कर्जा चुत्ता गर्ने तर्फ कुनै तत्पर्ता नदेखाएको हुनाले कर्जा चुत्ता गर्न आउनु भनि **३५ दिने** सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

यो सुचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस संस्थालाई बुझाउनु पर्ने सावाँ, व्याज, अन्य दस्तुर समेत बुझाउन आउनु हुन सम्बन्धित ऋणी लगाएत व्यक्तिगत जमानी कर्तालाई समेत सुचित गरिन्छ । सो म्याद भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पुर्ण रकम चुत्ता भुक्तान गर्नु होला अन्यथा ऋण लिदा यस संस्थालाई लेखाई दिएको धितो लिलाम विकी गरी यस संस्थाको सम्पुर्ण लेना रकम असुल उपर गरि लिने समेत यसै सुचना द्वारा जानकारी गराइन्छ । साथै सुरक्षण वापत दिनु भएको धितो लिलाम विकीबाट यस संस्थाको सम्पुर्ण रकम असुल उपर नभएमा वा धितो लिलामबाट समेत ऋण असुल उपर हुन नसके ऋणीको एकाघर संगोल परिवारमा रहेको वा निजहरुको चल अचल सम्पति बाट बैंक तथा वित्तिय संस्था ऐन, सहकारी ऐन नियमावली तथा प्रचलित कानुन बमोजिम असुल उपर गरी लिने छ । साथै ऋणी तथा व्यक्तिगत जमानीकर्तालाई बैक तथा वित्तिय सघं संस्था सम्बन्धित ऐन बमोजिम कालो सुचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराइन्छ ।

| ऋणीको ठेगाना तथा तीन पुस्ते विवरण | ऋणीको फोटो | कर्जा शिर्षक |
|---|---|---|
| काठमाडौ जिल्ला काठमाडौ म.न.पा. वडा नं. ०८ जन्म स्थान भई हाल काठमाडौ जिल्ला काठमाडौं म.न.पा. वडा नं. ०५, चाबेल बस्ने श्री पदम बहादुर शाहको नाति श्री कृष्ण बहादुर शाहको छोरा (ना.प्र.प.नं. ३२८७/११९९८/५०७९१ जारी मिति २०५४/०६/०५ जि.प्र.का काठमाडौं) वर्ष ४७ को **राम बहादुर शाह ।** |  | **धितो कर्जा** |

| व्यक्तिगत जमानत दिनेको ठेगाना तथा तीन पुस्ते विवरण | जमानीको फोटो | |
|---|---|---|
| **१.** मकवानपुर जिल्ला हेटौडा न.पा. वडा नं. ०९ जन्म स्थान भई हाल काठमाडौ जिल्ला काठमाडौं म.न.पा. वडा नं. ०५, चाबेल बस्ने श्री कृष्ण बहादुर शाहको छोराबुहारी श्री राम बहादुर शाहको श्रीमति (ना.प्र.प.नं. ) वर्ष ३६ को **मेरिना शाह ।** |  | |
| **२.** भोजपुर जिल्ला अरुण गा.वि.स. वडा नं. ०२ जन्म स्थान भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ०५, चाबेल बस्ने श्री नर बहादुर आले मगरको नाती श्री मान बहादुर आले मगरको छोरा (ना.प्र.प.नं. ११९७ जि.प्र.का. भोजपुर) वर्ष ४८ को **डम्बर कुमार आले मगर ।** |  | |
| भोजपुर जिल्ला रानीबास गा.वि.स. वडा नं. ०८ जन्म स्थान भई हाल काठमाडौ जिल्ला काठमाडौं म.न.पा. वडा नं. ०५, चाबेल बस्ने श्री माथवर सिंह बस्नेतको नाति श्री कल्यान बहादुर बस्नेतको छोरा (ना.प्र.प.नं. १२६७ जारी मिति २०४९/११/०५ जि.प्र.का. काठमाडौं) वर्ष ५१ को **सुरेश कुमार बस्नेत ।** |  | |

**तपसिल**

**धितो राखिएको सम्पति विवरण**

| क्र.स. | धितो सुरक्षण धनीको नाम | जिल्ला | नगर/गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| १ | राम बहादुर शाह | कैलाली | मुढ्रि | ४/४ | ७२८ | ०-५-१०-० |



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौं नेपाल

## कम्पनी दर्ता खारेजी सम्बन्धी सूचना

प्रकाशित मिति : २०८२/११/०५

यस कार्यालयमा मिति २०७५/१०/२७ मा दर्ता भएको जय बाबा इन्टरप्राइजेज प्राइभेट लिमिटेड (प्रा.लि.नं. २०८५०९) नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



## निता इन्जिनियरिङ्ग प्रा. लि. सम्वन्धी अत्यन्त जरूरी सुचना

**कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा कम्पनी दर्ता नं. १४०८३३/०७२/०७३, मिति २०७२।६।१९ मा दर्ता भएको निता ईन्जिनियरिङ्ग प्रा. लि.ले कर्जा लिनको लागि म श्रवण कुमार गोयलले ज्योति बिकाश बैंक लि. लाई व्यक्तिगत जमानी दिएकोमा कम्पनी संचालकहरुसंग मेरो असमझदारी भएको हुनाले मेरो व्यक्तिगत जमानीको आधारमा उक्त प्रा.लि. लाई कर्जा प्रवाह नगर्न नगराउन हुन अनुरोध गर्दछु । यदि गरे गराएमा सो को दायित्व म माथि नहुने व्यहोरा सूचित गर्दछु ।**

**श्रवण कुमार गोयल**
**व्यक्तिगत जमानीकर्ता**



## वर्गीकृत विज्ञापन/डिस्प्ले

### घरजग्गा

कीर्तिपुर-६, थापागाउँ मेनरोडबाट १ कित्ता भित्र ०-४-१-० जग्गा सुपथ मूल्यमा बिक्रीमाः ९७६७२४२३५४

ज्ञानेश्वर मेनरोडमा २ आना १ दाम जग्गा सुपथ मुल्यमाः ९७६७२४२३५४

Ktm हाँडीगाउँ नेपालबैंक नजिकै विशालनगरमा ०-६-०-० जग्गा बिक्रीमाः 9841420589

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२।११।०५
यस कम्पनीको मिति २०८२/१०/०८ गतेको विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न व्यहोर्न पर्ने कर दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।१०।११ को निर्णयबाट स्विकृत भई यस कम्पनीको नाम फ्रिटुर नम्बर वान रेष्टुरेन्ट प्रा.लि. (प्रा.लि. नं. ३०००७१४) बाट परिवर्तन गरी **सृजना इम्पेक्स प्रा.लि.** कायम गरिएको व्यहोरा यही सूचनाद्वारा जानकारी गराईन्छ ।

### MRP Declaration for BYD Electric Vehicles

| S.N. | Particular | Brand | Capacity | Made | Unit | MRP |
|---|---|---|---|---|---|---|
| 1. | BYD ELECTRIC CAR ATTO2 100KW | BYD | 5-Seater | China | 1 | Rs. 45,00,000/- |
| 2. | BYD ELECTRIC CAR SEALION7 100KW | BYD | 5-Seater | China | 1 | Rs. 78,00,000/- |

Importer/ Distributor: **Cimex Inc. Pvt. Ltd. Exim Code No.: 604239031015 4NP**
**Location: BYD Park, Tangal, Kathmandu, Nepal**
**Contact Number: 01-4541393**